# ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोक
# Association for Rural Development Kavre
# (ARD-Kavre)

२०७० भाद्र १३ को कार्यसमितको बैठकद्वारा पारित

# ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोक
# बाल संरक्षण नीति २०७०

# ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोकको
# बाल संरक्षण नीति २०७०

**१. प्रस्तावना :**

ग्रामीण विकास संस्था, काभ्रेपलाञ्चोक बालबालिका र महिला, युवाको लागि बालबालिका र युवाको साथमा काम गर्ने अधिकारमुखी संस्था भएको कुरालाई मनन गर्दै, राष्ट्रसंघीय बालअधिकार महासन्धि १९८९ को सिद्धान्त तथा भावनालाई आत्मसात गर्दै ,राष्ट्रिय युवा नीति २०६६लाई सम्मान गर्दै ग्रामीण विकास संस्थाको ध्येय, लक्ष्य, मूल्य, मान्यता तथा उद्देश्य अनुकुल हुनेगरी बालसंरक्षणका लागि संस्थाले विभिन्न समयमा विकास गरी अवलम्बन गर्दै आएका नीति तथा आचार संहिताहरू लगायतलाई आधार मान्दै ग्रामीण विकास संस्थाको विधान २०४९ त्यसको संशोधित विधान २०६३ को व्यवस्थालाई आधार मान्दै, यस **"ग्रामीण विकास संस्था, काभ्रेपलाञ्चोक बालसंरक्षण नीति २०७०"** को तर्जुमा गरिएको छ ।

**२. परिभाषा**

२.१ "बालसंरक्षण" भन्नाले कुनै पनि बालबालिकालाई निजको विकास र सम्मानलाई नकारात्मक असर पर्ने कृयाकलापहरू जस्तै, शारिरीक यातना तथा मानसिक पीडा, श्रम शोषण, हेंला, अपहेलना, यौन शोषण, विभेद, दुर्व्यवहार लगायत सबैखाले हिंसाबाट जोगाउने कार्यलाई जनाउँदछ ।

२.२ बालकेन्द्र भन्नाले ग्रामीण विकास संस्थाले आफ्नो सम्पर्कमा आएका जोखिम परिस्थितिका बालबालिकालाई सामाजिक पुनएकीकरण/पुनर्स्थापनको निम्ति निश्चित समयसम्मका निम्ति हेरचाह, संरक्षण तथा सामाजिकीकरण गर्न बालबालिकालाई निश्चित अवधिसम्म राखिने बालकेन्द्र वा कुनै पनि संरचनालाई जनाउँदछ ।

**३. उद्देश्यहरू :**

ग्रामीण विकास संस्थाको बाल संरक्षण नीतिका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

३.१ ग्रामीण विकास संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक, सम्बद्ध व्यक्तिहरू र साझेदार संस्थाहरूको दृष्टिकोण र व्यवहारलाई बाल संरक्षणको निम्ति निर्देशित गर्ने ।

३.२ ग्रामीण विकास संस्थाले संचालन गर्ने तथा ग्रामीण विकास संस्था संलग्न र सहभागी रहने हरेक कार्यक्रम र गतिबिधिलाई बाल संरक्षणको निम्ति निर्देशित गर्ने ।



श्री ग्रामीण विकास संस्था
काभ्रेपलाञ्चोक

### ४. मान्यता र सिद्धान्त :

ग्रामीण विकास संस्थाको बाल संरक्षण नीतिका सिद्धान्त र मान्यताहरू निम्नानुसार रहेका छन् :

४.१ कुनै पनि बालबालिकालाई जाती, धर्म, लिंग, उमेर, रंग, भौगोलिक बासस्थान, भाषा, संस्कृति, भेषभूषा, सामाजिक आर्थिक हैसियत, अपांगता (फरक क्षमता) आदिको आधारमा कहिं, कसैबाट पनि भेदभाव गरिनु हुँदैन ।

४.२ बाल संरक्षण बालबालिकाको अधिकार हो तथा अन्य सबै सरोकारवालाहरु विशेषगरी राज्यको प्रमुख जिम्मेवारी हो ।

४.३ ग्रामीण विकास संस्था, काभ्रेले आयोजना गर्ने कुनै पनि कार्यक्रमबाट कुनै पनि बालबालिकालाई दुर्व्यवहार, भेदभाव, शोषण र हिंसा नहुने कुराको सुनिश्चितता गर्दै बालबालिकाका निम्ति संचालित हरेक कार्यक्रमहरू दक्षतापूर्वक र प्रतिवद्धतापूर्वक सम्पन्न गरिने छ ।

४.४ बालबालिका विरूद्ध हुने कुनै पनि प्रकारका दुर्व्यवहार, भेदभाव, शोषण र हिंसा कुनै पनि अवस्थामा स्वीकार्य हुने छैन ।

४.५ ग्रामीण विकास संस्था काभ्रेको बाल संरक्षण नीतिलाई निशर्त अंगिकार गर्न सक्ने व्यक्ति, संघ संस्था तथा निकायहरूसँग मात्र सहकार्य गरिने छ ।

४.६ बालसंरक्षणका कार्यकमहरुमा बालअधिकारमुखी 'सोचलाई अंगिकार गरिने छ तथा कार्यक्रमहरुलाई बालकेन्द्रित बनाइने छ ।

### ५. नीति

बालसंरक्षणका क्षेत्रमा ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोकले निम्नानुसारका नीतिहरू अवलम्बन गर्ने छ ।

५.१ बालसंरक्षण प्रवर्द्धनका निम्ति परिवार, समुदाय र अन्य सरोकारवालाहरुको संलग्नता र जिम्मेवारीलाई अभिवृद्धि गर्ने तथा सामाजिक पुनर्एकीकरणलाई जोड दिंदै बालबालिका प्रतिको संस्थागत हेरचाहलाई न्यूनीकरण गर्दै लगिने छ ।

५.२ बालसंरक्षणका सवै क्रियाकलापमा बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिने छ । ग्रामीण विकास संस्थाको सम्पर्कमा आएका बालबालिकालाई आफ्नो अधिकारको बारेमा सचेत गराई सशक्तिकृत गरिने छ ।

५.३ प्रत्येक बालबालिकामा विविध सम्भावनाहरु विद्यमान रहन्छन् र उनीहरुमा जहिले पनि सकारात्मक सुधार सम्भव छ भन्ने मान्यताका साथ बालबालिकासँग व्यवहार गरिने छ ।

५.४ ग्रामीण विकास संस्थाको सम्पर्कमा आएका कुनै पनि बालबालिकाको कँही कसैबाट पनि दुर्व्यवहार हुने छैन र निजको अधिकार सुनिश्चित गरिने छ ।

५.५ जोखिम परिस्थितिमा परेर ग्रामीण विकास संस्थाको सम्पर्कमा आएका बालबालिकाको संरक्षणका निम्ति परिस्थिति हेरि आवश्यक व्यवस्था मिलाइन पहल गरिने छ ।

५.६ संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक तथा आवद्ध अन्य व्यक्तिहरूले कुनै पनि आधारमा बालबालिकालाई दुर्व्यवहार, भेदभाव, शोषण र हिंसा गर्न पाइँदैन ।



श्री ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोक

५.७ बालबालिकालाई पुऱ्याईएको सेवा, सुविधा, सहयोग लगायतका कुनैपनि आधारमा बालबालिकालाई आफू प्रति अनुग्रही बनाउन पाइने छैन ।

५.८ ग्रामीण विकास संस्था काभ्रेको संरक्षणमा रहेका बालबालिकालाई कहिँकतै (कार्यक्रम, सामाजिक पुनर्स्थापन, विदेश आदि) लैजांदा सदैब ग्रामीण विकास संस्थाले तोकेको वयस्कको संरक्षणमा पठाइने छ । बालिकाको हकमा साथमा एकजना तोकिएकी महिला अनिवार्यरुपमा रहनु पर्नेछ ।

५.९ बालसंरक्षणका सबै गतिविधिमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिने छ ।

५.१० संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक तथा आवद्ध अन्य ब्यक्तिहरूको व्यवहारबाट कहिं कतै बालबालिकाको यौन शोषण, हिंसा, नराम्रो छुवाई, शारिरीक तथा मौखिक दुर्व्यवहार वा शोषण भएको उजुरी तथा जानकारी प्राप्त भएमा यस संस्थाको नियमानुसार छानबिन गरी कार्वाही गरिने छ ।

## ६. व्यवहारिक आचार

६.१ बाल केन्द्रसंग सम्बन्धित कर्मचारीहरु बाहेक संस्थाका अन्य कर्मचारी वा व्यक्तिले बाल केन्द्रंमा जानुपरेमा सम्बन्धित कार्यक्रम संयोजकको अनुमति लिनुपर्ने छ ।

६.२ बालबालिकाको भावना र विचारको सबैबाट कदर र सुनवाई हुनु पर्नेछ ।

६.३ बाल केन्द्रमा रहेका कुनै पनि बालबालिकाको व्यक्तिगत पृष्ठभूमिकाबारेमा असम्बन्धित कर्मचारी वा व्यक्तिले खोजिनीति र चासो राख्नु हुँदैन । नीजकोबारेमा जानकारी भएमा पनि सोको गोपनीयता भंग गर्नुहुँदैन र पाइने छैन ।

६.४ यस संस्थाको संरक्षणमा रहेका बालबालिकालाई कहिँ कसैले पनि (कार्यक्रम, सामाजिक पुनर्स्थापन, विदेश) लैजाँदा साथमा गएको कर्मचारीले (वा तोकिएका अन्य व्यक्तिले) रक्सी, र अन्य नसालु पदार्थ र चुरोट र सूर्तिजन्य पदार्थको सेवन गर्न पाइने छैन ।

६.५ सबै गतिविधिमा बालबालिकाको व्यक्तिगत गोपनीयतालाई विशेष ध्यान दिनु पर्नेछ ।

६.६ यस संस्थाका कर्मचारीले १६ वर्ष मुनीका बालबालिकालाई आफ्नो घर वा व्यवसायमा श्रमिकका रुपमा राख्न पाईने छैन ।

## ७. नीति कार्यान्वयनका लागि चालिने कदमहरू :

७.१ ग्रामीण विकास संस्थाको बालसंरक्षण नीतिबारे सरोकारवाला सबैलाई जानकारी उपलब्ध गराईने छ र ग्रामीण विकास संस्था बालसंरक्षण नीति आफ्ना सबै कार्यक्षेत्रमा सहज उपलब्ध हुनेछ ।

७.२ संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक तथा आवद्ध अन्य ब्यक्तिहरू लगायत सम्वद्ध व्यक्तिहरूलाई ग्रामीण विकास संस्था बाल संरक्षण नीतिका बारेमा सुसुचित गराउँदै सो प्रति निजहरूको लिखित प्रतिवद्धता लिइने छ ।

७.३ ग्रामीण विकास संस्था बालसंरक्षण नीति कार्यान्वयन र अनुगमनका लागि ग्रामीण विंकास संस्था भित्र एक छुट्टै निकाय तथा जिम्मेवार व्यक्तिको व्यवस्था गरिने छ र बालसंरक्षरणका



श्री ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोक २०...

सन्दर्भमा प्राप्त उजुरी तथा जानकारीहरूलाई गम्भीरतापूर्वक लिई छानबिन तथा उचित कारबाही गरिने छ ।

७.४ ग्रामीण विकास संस्थाले कार्यन्वयनमा ल्याएका कर्मचारी आचार संहिता तथा अन्य विषयगत आचार संहिताहरू एवं बालसंरक्षणमा आकर्षित हुने कर्मचारी प्रशासन नियमावलीमा रहेका प्रावधानहरू लगायत ग्रामीण विकास संस्थाद्वारा जारी भएका र जारी गरिने अन्य नीति निर्देशनहरू ग्रामीण विकास संस्था काभ्रे नेपालको बालसंरक्षण नीतिका अंगका रूपमा रहनेछन् ।

७.५ यस बालसंरक्षण नीतिको संस्थाका सदस्य, कर्मचारी, स्वयंसेवक तथा आवद्ध अन्य ब्यक्तिहरूले उल्लघंन गरेमा ग्रामीण विकास संस्थाको प्रचलित नियमानुसार कारवाही गरिनेछ ।

**८. नीति संसोधन**

८.१ ग्रामीण विकास संस्था काभ्रेको कार्यसमितिको निर्णय अनुसार यस नीतिलाई समयानुकुल (वर्षमा बढीमा २ पटक) संसोधन गर्न सकिने छ ।

"समाप्त"

श्री ग्रामीण विकास संस्था
काभ्रेपलान्चोक
२०४९